# नरहा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय

नरहा, सिरहा

मधेश प्रदेश, नेपाल

# बार्षिक गाउँपालिका विकास योजना

## आ.व. २०८०।०८१

## नरहा गाउँपालिकाको आठौं गाउँ सभाबाट पारित

## आ.व. २०८०।०८१


## निति कार्यक्रम तथा बजेट गाउँ सभाका निर्णयहरु एवं गाउँपालिका सम्बन्धि संक्षिप्त जानकारी पुस्तिका


अध्यक्ष ९८११७००३११

उपाध्यक्ष ९८६२९४०५०७

**Website :- narahamun.gov.np**

**E-mail :- narahagapa@gmail.com**



Copyright@MoFALD

स्रोत: स्थलरुप नक्सा (स्केल १:२५,०००/१:५०,०००), नापी विभाग र जनगणना २०६८, केन्द्रिय तथ्यांक विभाग
तयार पार्ने: गाउँपालिका, नगरपालिका तथा विशेष, संरक्षित वा स्वायत्त क्षेत्रको संख्या तथा सीमाना निर्धारण आयोग

Projection System: MUTM, Spheroid - Everest 1830
LLRC, 2016

"शिक्षा स्वास्थ्य सिचाई र खानेपानी,
"समृद्ध नरहा निर्माणमा हाम्रो लगानी"

# नरहा गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

## नरहा सिराहा

## मधेश प्रदेश, नेपाल

# आठौं गाउँसभा २०८०/०८१ बाट पारित

# नीति तथा कार्यक्रम एवम बजेट

## नरहा गाउँपालिकाको गाउँ सभामा प्रस्तुत

## आर्थिक वर्ष २०८०/०८१ को नीति तथा कार्यक्रम एवम बजेट

**नरहा गाउँपालिकाको सम्मानित आठौ गाउँसभाको नीति तथा कार्यक्रम एवम बजेट कार्यक्रम समारोहमा पाल्नु भएका प्रमुख अतिथी पूर्व कानुन न्याय तथा संसदीय मामिला मन्त्री तथा सिरहा क्षेत्र नं ३ का प्रतिनिधि सभाका माननिय श्री लिलानाथ श्रेष्ठ ज्यू**

**मधेश प्रदेश सभासदस्य माननिय श्री मनोज कुमार सिंह ज्यु**

**गाउँपालिकाको उपाध्यक्ष ज्यू**

**प्रमुख प्रशासकीय अधिकृत ज्यू,**

**वडा अध्यक्ष ज्यू हरु,**

**कार्यपालिकाका सदस्य ज्यु हरु,**

**वडा सदस्य ज्युहरु,**

आमन्त्रित यस गाउँपालिकाका सम्पूर्ण शाखा प्रमुख, गाउँपालिकाका कर्मचारीहरु, स्वास्थ्य चौकीका इन्चार्जहरु, शिक्षकहरु, सुरक्षाकर्मिहरु, पत्रकारज्यूहरु, लगायत उपस्थित सम्पूर्ण महानुभावहरुमा नरहा गाउँपालिका र म आफ्नो तर्फबाट यहाँहरु सबैलाई हार्दिक नमस्कार गर्न चाहन्छु ।

यो गरिमामय सभामा आर्थिक वर्ष २०८०।०८१ को वार्षिक नीति तथा कार्यक्रम प्रस्तुत गर्न यहाँ हरुको माझमा उभी रहँदा प्रजातन्त्र, लोकतन्त्र, गणतन्त्रको प्राप्ती र त्यसको जगमा समृद्ध राष्ट्र निर्माणका लागि विभिन्न समयमा नेपाली जनताले गरेको वलिदान पूर्ण संघर्षहरु जनआन्दोलन, जनयुद्ध, मधेश, थारु, मुस्लिम, जनजाति, महिला दलित तथा अल्पसंख्यकहरु को न्यायपूर्ण आन्दोलनमा सहिद भएकाहरु प्रति श्रद्धाञ्जली व्यक्त गर्न चाहन्छु । घाईते, वेपता नागरीक तथा सम्बन्धित परिवारप्रति सम्मान व्यक्त गर्न चाहन्छु ।

यस नरहा गाउँपालिकाको नीति तथा कार्यक्रममा उपस्थित माननिय सांसद ज्यू सभा सदस्य ज्यूहरु, गाउँपालिकाका उपस्थित कर्मचारी साथीहरु लगायत सबै महानुभावहरुलाई गाउँपालिकाको तर्फबाट हार्दिक सम्मान एवं स्वागत गर्न चाहन्छु ।

जनताका सवैभन्दा नजिकको सरकार स्थानीय सरकार भएको, स्थानीय स्तरका जनताको अधिकत्तम हितलाई सम्बोधन गर्दै प्रजातन्त्र सुदृढीकरण गर्ने, लोकतन्त्रका लाभहरुको वितरण गर्दै सशक्तिकरण गर्ने, समावेशीकरण मार्फत मूल प्रवाहीकरण गर्ने, स्थानीय शासनको वैधता स्थापित गर्दै समावेशी विकास मार्फत दिगो विकासका लक्ष्य प्राप्त गर्नु नै आजको लक्ष्य तथा चुनौती दुवै हो । वास्तवमा स्थानीय सरकारहरु जनप्रतिनिधीमूलक संस्थाहरु हुन् । आपसी सहयोग, सहमति, सद्भभाव र सहकार्यका माध्यमबाट गाउँपालिका विविध गतिविधि सञ्चालन गर्न निर्दिष्ट नीति अनुरुप गाउँपालिकाका सभा सदस्यहरुबाट निरन्तर रुपमा प्राप्त सल्लाह, सुझाव, मार्गदर्शन, सहयोग र समन्वय प्रति म यस

राम प्रमोद यादव
गाउँपालिका अध्यक्ष

शुभ अवसरमा अत्यन्तै हार्दिकतापूर्वक धन्यवाद दिन चाहन्छु । भविष्यमा पनि यस्तै प्रकारको सहयोग प्राप्त हुनेछ भन्ने विश्वास यस सम्मानित सभा समक्ष व्यक्त गर्न चाहन्छु ।

## क. बिधमान परिवेश

हामी सँग भएका जनशक्ति, श्रोत, साधन प्रर्याप्त नभएको तितो यथार्थ सबैको समुने नै छ । यसका वावजुद परिवर्तन, इच्छाशक्ति, मिहिनेत, इमान्दारीता, सहकार्य, समन्वय, सहयोग अन्तरसम्बन्ध तथा सहअस्तित्व बाट सम्भव छ भन्ने कुरामा विश्वास राख्दै मौजुद्धा जनशक्तिको वैज्ञानिक व्यवस्थापन तथा असल कार्यलाई निरन्तरता खराव लाई अन्त्य गर्ने जमर्कोको साथ केही अल्पकालिन र दीर्घकालिन नीतिहरु तय गर्दै नरहा गाउँपालिकाको सर्वाङ्गिन विकास गर्ने दृढ संकल्पका साथ अगाडी बढेको छु।

शिक्षा नै परिवर्तनको उदगम विन्दु हो भन्ने विषयलाई आत्मसाथ गर्दै शिक्षालाई प्रमुख प्रथमिकतामा राखी अगाडी बढेको हामि सबैले अनुभुति गरेकै विषय हो ।स्वास्थ्य सेवामा सुधार भई यस भेगका जनताले महङ्गो शुल्क तिरी बाहिर उपचार गराउन जाने बाध्यता लाई केहि हद सम्म न्युनीकरण गर्न सफल भएका छौ ।१० शैया अस्पतालको भवन निर्माण सञ्चालनमा रहेको सर्वविधितै छ ।यस पालिकाका नागरीकहरुको स्वास्थ्य जाँचका लागि प्रदेश सरकारको सहयोगमा स्वास्थ्य प्रयोगशाला संचालनमा ल्याएको छु । यसै गरी मल खाद्य, विउ विजन आपूर्ति गरी सिंचाईको दीर्घकालिन योजना सहित अगामी दिनमा कृषिमा व्यापक आधुनिकीकरण, यान्त्रिकिरण, विविधीकरण गर्ने बाटोमा अगाडी बढेका छौं । यसै गरी रोजगारी सिर्जना गरी गरिवी निवारण गर्न तथा दिगो विकासको लक्ष्य हासिल गर्न तत्काल केही निर्णय एवं योजनाका साथ अगाडी बढेको अवस्था छ । थप धेरै विषयहरु अध्ययन गरी नीति कार्यक्रम योजना तथा बजेटमा समेट्ने प्रयास गरिएको छ । हामीले लिएको नीति,योजना कार्यक्रम कार्यान्वयनमा सम्पूर्ण गा.पा.पदाधिकारी, कर्मचारी, स्वास्थ्यकर्मी, शिक्षक, सुरक्षा निकाय, पत्राकार नरहा वासी जनताले सकारात्मक सहयोग गर्ने अपेक्षा र विश्वास लिएको छु ।

## ख. नीति कार्यक्रम तर्जुमाका आधारहरुः

गुणस्तरीय पूर्वाधार विकास निर्माणको कार्यमा गाउँपालिका भित्रका आम उपभोक्ताहरु, सर्वसाधारण जनता, उद्योगी ब्यवसायीहरु, सामाजिक संघसंस्थाहरु तथा विकास साझेदारहरूको निरन्तर सहयोग रहदै आएको छ। विकास र सुशासनको लागि जनप्रतिनिधिहरुले स्पष्ट दृष्टिकोण सहित अगुवाई गर्ने हो भने प्रशासनिक संयन्त्रले त्यसलाई प्राविधिक तथा कानुनी ढाँचा भित्र आवद्ध गराउने हो। आम नागरिकहरुले साथ सहयोग, सुझाव दिने हो। जनसहभागीता एवं जनपरिचालनको क्षेत्रमा गाउँपालिकाले कायम गरेको इतिहासलाई अक्षुण्ण राख्दै शासकीय प्रबन्धमा जवाफदेहिता, पारदर्शिता, गुणस्तरीयता एवं स्वच्छतायुक्त जनसहभागीता सुनिश्चित गरिने छ।

गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्भेक्षण (O & M) लाई अद्यावधिक रुपमा अध्ययन गरी छरितो एवं चुस्त संगठन संरचना मार्फत प्रशासनिक तथा चालु खर्चलाई मितब्ययी वनाइनेछ । यसबाट सेवा

राम प्रमोद यादव
गाउँपालिका अध्यक्ष

प्रवाहलाइ प्रभावकारी तथा विकेन्द्रित तुल्याउदै पूँजीगत खर्च बढाउने नीति लिइएको छ। संघ तथा प्रदेश सरकारबाट प्राप्त अनुदान एवं वित्तिय हस्तान्तरणको उच्चतम र प्रभावकारी परिचालन एवं उपयोग गर्दै वित्तिय आत्मनिर्भरता कायम गर्न भरपुर प्रयत्न गरिने छ।

यस गाउँपालिकाले आफ्नो क्षेत्रमा समृद्ध, समावेशी, स्वच्छ, सुरक्षित, स्वावलम्बी र सुशासित समुदाय निर्माण गर्ने उद्देश्य लिएकोछ। जनताको मौलिक अधिकार र प्रतिनिधित्व सुनिश्चित गर्नका लागि सहभागिताका माध्यमबाट पारदर्शिता र जवाफदेहीतालाइ जोड दिइनेछ ।अन्य आधारहरुलाई वुदागत रुपमा देहाय बमोजिम समेटने प्रयास गरेको छ ।

- नेपालको संविधानका प्रस्तावना, मौलिक हक, राज्यका नीतिहरु, स्थानीय आर्थिक कार्य प्रणाली एवं एकल तथा साझा अधिकार सूची,
- संघीय सरकारको आवधिक योजनाले लिएका नीति तथा प्राथमिकताहरु,
- संघीय सरकारले अबलम्बन गरेका आर्थिक तथा वित्तिय नीतिहरु,
- प्रदेश सरकारे लिएका आर्थिक एवं वित्तिय नीतिहरु,
- स्थानीय तहको आवधिक योजनाले तय गरेका प्राथमिकताहरु,
- नेपालले अन्तर्राष्ट्रिय जगतमा जनाएका प्रतिबद्धताहरु,
- स्थानीय सरकार सञ्चालन ऐन तथा अन्य कानूनी प्रावधानहरु,
- स्थानीय तहका क्षेत्रगत नीति, रणनीतिहरु, योजना तथा अध्ययन प्रतिवेदनहरु,
- विकासका समसामयिक मुद्धाहरुः सामुदायकि विधालयको शिक्षामा सुधार,स्वास्थ्य सेवाको उपलब्धता र पहुँच ,कृषिको विविधिकरण व्यवसायीकरण, सामाजिक संरक्षण, दिगो विकास लक्ष्य, जलवायु परिवर्तन, विपद् व्यवस्थापन, पोषण सुरक्षा, लैङ्गिक समानता तथा सामाजिक समाबेसिकरण, बालमैत्री स्थानीय शासन, वातावरण मैत्री स्थानीय शासन, पूर्ण सरसफाई, उर्जा संकट लगायतका अन्तर सम्बन्धित विषयहरु,
- मध्यकालिन खर्च संरचनाले निर्देश गरेको कार्यक्रमहरू
- निर्वाचनको क्रममा जारी गरिएको निर्वाचन घोषाणापत्रहरु,
- नरहा गाउँपालिकाले आवश्यक ठानेका विषयहरु ।

## ग. हाल सम्मको प्रमुख उपलब्धीहरुः

१. प्रशासनीक भवन चालु आ.व.मा सम्पन्न हुने गरी निर्माणाधिन रहेको छ।

२. प्राथमिक अस्पताल सञ्चालनमा आएको छ ।

३. १० शैंयाको अस्पताल निर्माणाधिन अवस्थामा रहेको छ ।

४. जनशक्ति व्यवस्थापनको कार्यमा प्रगति भएको छ ।

५. पर्यटकीय स्थलको लागि पोखरीमा सौन्दर्यकरणका सम्भाव्यता अध्ययन भएको छ ।

६. विधालयमा पूर्वाधार विकास निर्माणका सुनिश्चितता भएको छ ।

७. सिंचाईका लागि बोंडिङ्ग जडान भएको छ ।

राम प्रमोद यादव

८. लैङ्गिक समानता सामाजिक समावेशिकरण कार्यक्रम मार्फत सशक्तिकरणमा उल्लेख्य टेवा पुगेको छ ।

९. सार्बजनिक सेवाप्रवाह जनमैत्री तथा जनता को नजिक रहेर सेवा गर्ने संस्कारको बिकाश भएको छ ।

१०. पर्यटकिय क्षेत्र, धार्मिक, सांस्कृतिक, ऐतिहासिक क्षेत्रको सम्भाव्यता अध्यनको कार्य अगाडी बढिसकेको छ ।

११. बजार व्यवस्थापनको वैज्ञानिक मोडलको अध्यन शुरु हुने क्रममा छ ।

१२. गाउँ पालिका भित्र नमुना विद्यालय संचालनमा रहेको छ ।

**घ. प्राथमिकताहरु**

- सामाजिक विकासतर्फः शिक्षा र स्वास्थ्य
- आर्थिक विकास क्षेत्रका कृषि ,पशु विकास र सहकारी
- भौतिक पूर्वाधर, सिचांइ
- उद्यमशिलताको विकास र रोजगारी सिर्जना
- नीतिगत, कानूनी एवं संरचनागत विकास
- सार्वजनिक सेवा प्रवाहमा सुधार र सार्वजनिक खर्चमा वित्तीय अनुशासन तथा पारदर्शिता
- बालबालिकाको हित संरक्षण एवम् महिला सशक्तिकरण र क्षमता विकास
- ऐतिहासिक एवं धार्मिक सांस्कृतिक धरोहरहरुको संरक्षण र प्रवर्द्धन
- सरसफाई र वातावरणीय स्वच्छता अभिवृद्धि
- बन बातावरण तथा विपद् व्यवस्थापन
- अन्य सरकारी निकाय, गैर सरकारी संघ संस्थाहरुसँग समन्वय र सहकार्य

**ङ. विकास र समृद्धिको लक्ष्य प्रासिका अवसर र चुनौती**

**विद्यमान अवसरहरू:**

हाम्रा लागि देहाय बमोजिमका अवसरहरू रहेका छनः

१। संविधानतः अधिकार सम्पन्न स्थानीय सरकार स्थापना भै २२ वटा एकल अधिकार सहित विविध साझा अधिकार किटान हुनु ।

२। आफ्ना अधिकार क्षेत्रका विषयमा ऐन, कानून तर्जुमा, योजना तर्जुमाको अभ्यास हुनु ।

३। विकास निर्माणका विविध विषयमा नीति कार्यक्रम तथा बजेट सञ्चालन गर्ने अधिकार प्रष्ट हुनु।

४। गाउँपालिका भित्र भौगोलिक तथा सांस्कृतिक विविधता रहनु ।

५। सबै वडामा सडक पूर्वाधारको पहुँच हुनु ।

राम प्रमोद यादव
गाउँपालिका अध्यक्ष

६। सडक निर्माणमा भएको लगानी संगै गाउँपालिकामा उत्पादित कृषिजन्य उत्पादनलाइ बजार सम्मको पहुँच स्थापित हुनु ।

**विद्यमान चुनौतीहरूः**

हाम्रा सामु देहाय बमोजिमका चुनौतीहरू रहेका छनः

१। रोजगार उन्मुख सीपमूलक शिक्षाको विकास गर्नु ।
२। बजारको सूचना कृषकलाई समयमा नै उपलब्ध गराउनु ।
३। गुणस्तरीय बीउबिजन/मलखाद समयमा नै उपलब्ध गराउनु ।
४। युवा जनशक्तिलाइ कृषि ब्यवसाय प्रति आकर्षित गर्नु ।
५। ब्यावसायिक कृषकको संख्या वृद्धि गर्नु ।
६। वैदेशिक रोजगारीबाट फर्केका सीप युक्त युवाको सीप तथा पुँजीलाइ उद्यम विकासमा उपयोग गर्नु।
७। निर्माण भएको पूर्वाधारको मर्मत संभार पद्धतिको विकास गर्नु ।
८। गाउँपालिका भित्र दलित बस्ती निर्माण गर्नु ।
९। सडक लगायतका पूर्वाधारको उपयोग योजना ,डिजाइन तथा ड्रइङ विना गरिने सडक तथा अन्य पूर्वाधारका संरचना निर्माणको कार्यलाई रोक्नु ।
१०। अव्यवस्थित बस्ती बिस्तारको क्रम रोक्नु तथा व्यवस्थित बस्ति विकास गर्नु।
११। बैज्ञानिक, जलवायु उत्थानशिल तथा व्यवहारीक एवम् उपयुक्त भूउपयोग योजना तर्जुमा गरी लागू गर्नु।
१२। सञ्चार सेवा प्रदायक संस्थाहरू बाट प्रभावकारी सेवा प्राप्ति र ब्यवस्थित गर्नु ।
१३. विभिन्न कालखन्डमा गाउँपालिकामा निर्माण भएका पुर्वाधारका संरचना (पूँजीगत सम्पति) को लगत तयार गर्नु, मुल्यांकन गर्नु तथा सेवा प्रभावमा प्रभावकारी उपयोग सम्बन्धी योजना (Asset Management Plan) तयार गरी कार्यान्वयन गर्नु ।

उपस्थित गाउँ सभाका सदस्यज्यूहरु,

सहभागितामूलक योजना तर्जुमा पद्धती अन्तर्गत विकासका आवश्यकता पहिचान देखि कार्यान्वयन, अनुगमन, मूल्याङ्कन,समेतको हरेक प्रक्रिया तथा तहमा सरोकारवाला वर्गहरुको अर्थपूर्ण सहभागिता सुनिश्चित गर्दै अपनत्व सृजना गर्ने र यसै मार्फत विकास कार्यलाई सन्तुलित एवं समावेशी तथा दिगो बनाउने अवधारणा अनुरुप वडा नागरिक मञ्च, वडावासी एवम् सरोकारवालाको व्यापक सहभागितामा वडा स्तरीय योजना तर्जुमा गोष्ठी, विषयगत समिति एवं एकीकृत योजना तर्जुमा गोष्ठीमा सम्बद्ध सबै सँग व्यापक अन्तरक्रिया र छलफल गरी प्राप्त सुझावहरुलाई समावेश गर्दै आर्थिक वर्ष २०८०/०८१ को क्षेत्रगत नीतिहरु यहाँहरु समक्ष प्रस्तुत गर्दछु ।

राम प्रमोद यादव
गाउँपालिका अध्यक्ष

१.सामाजिक विकास सम्बन्धी नीति

ख. शिक्षा तर्फः

- विधालय छाडने तथा दोहरिने प्रक्रियामा न्यूनिकरण गरि १०० प्रतिशत विधार्थी भर्ना गराई आधारभुत तहको शिक्षा अनिर्वाय र निःशुल्क हुने कार्यक्रमलाई प्रभावकारी कार्यान्वयन गरिनेछ।
- सीप मुलक तथा प्रविधिमैत्रि शैक्षणिक कार्यक्रमहरुलाई निरन्तरता दिइनेछ।
- साक्षरता कार्यक्रमलाई अभियानको रुपमा संचालन गरि साक्षर गाउँपालिका घोषणा गरिनेछ।
- समता र समानतामुलक प्रक्रिया अपनाई विधालयमा गुणस्तरीय शिक्षाका लागि कार्यक्रम कार्यन्वयनमा जोड दिइनेछ।
- मातृभाषामा स्थानीय पाठयक्रम निर्माण तथा कार्यन्वयनमा जोड दिइनेछ।
- विधालयमा अध्यनरत छात्राहरुको लागि सेनेटरी प्याडको उपलब्धतामा जोड दिइनेछ।
- विद्यालय स्तरीय शिक्षा लाई प्रविधिमुलक वनाउन शिक्षा संग सरोकार राख्ने विभिन्न पक्षहरु शिक्षक, प्र.अ., अभिभावक तथा जनप्रतिनिधिहरुलाई सीपमुलक अभिमुखिकरणका साथै सघन कार्यक्रमहरुको संचालन, निरीक्षण तथा व्यवहारिकरुपमा प्रयोगलाई प्राथमिकताका साथ कार्यान्वयनमा ल्याइनेछ।
- विभिन्न संघ,संस्था तथा शिक्षा संग सरोकार राख्ने विभिन्न पक्षहरु बीच छलफल,अन्तरक्रिया तथा सझेदारी अपनाई साक्षर गाउँपालिका लागि प्रौढ कक्षा, Each one Teach one का साथै मा.वि.स्तरका विधार्थीहरुलाई परिचालन गरि कार्यक्रम संचालन गरिनेछ।
- सबै वर्गको सहभागिताका विभिन्न कार्यक्रमहरु हाजरीजवाफ,लेखन सीप, वकतृत्वकला, खेलकुद,नृत्य जस्ता क्रियाकलाप समता तथा समानतापुर्वक संचालन गरिनेछ।
- यस गाउँपालिका भित्र दलित जेहेन्दार र विपन्न वर्गमा पर्ने विधार्थीको उच्च शिक्षाको लागि छात्रवृतिको व्यवस्था गरिनेछ ।
- दरबन्दी मिलान नभए सम्म बैकल्पिक रुपमा स्वयसेवक शिक्षक मार्फत पठन पाठनमा प्रभावकारिता ल्याउने कार्यक्रमलाई निरन्तरता दिइनेछ ।
- निजि विद्यालयको अनुगमन नियमन गरी मापदण्ड विपरितका विद्यालयको दर्ता खारेजी प्रक्रिया अगाडी बढाइनेछ ।
- कम्तीमा कक्षा १ देखि अंग्रेजी माध्यमबाट पढाइने प्रवन्ध मिलाइनेछ ।
- गाउँपालिका भित्रका शिक्षकहरुको आवश्यकता औचित्यता र विषयगत आधारमा काज सरुवा गरिनेछ ।
- सामुदायिक विधालयहरुमा शिक्षक विधार्थी अनुपातमा विषयगत दरबन्दी एवं शिक्षक सरुवालाई व्यवस्थापन गरिनेछ ।

राम प्रमोद यादव
गाउँपालिका अध्यक्ष

- "उत्कृष्ट शैक्षिक गन्तव्य गाउँपालिका हाम्रो पहिचान" भन्ने आदर्श लक्ष्य प्राप्तिका लागि सरकारी तथा निजी क्षेत्रका शौक्षिक संस्थाहरुबाट प्रदान गर्ने उच्च शिक्षालाई थप गुणस्तरीय र सर्वसुलभ तुल्याउन त्यस्ता प्राज्ञिक संस्थाहरु सँग सहकार्य र साझेदारी गरिनेछ ।
- सबै विधालयहरुमा पुस्तकालय, विज्ञान र कम्प्युटर प्रयोगशाला स्थापनाको नीति लिइनेछ ।
- शिक्षक तथा विधालय कर्मचारीहरुको पारिश्रमिक मासिक रुपमा सोझै सम्बन्धित व्यक्तिको खातामा जम्मा हुने कार्य लाई निरन्तर्ता दिईनेछ ।
- गाउँपालिका क्षेत्र भित्रका गुरुकुल, मदर्शा र गुम्बा जस्ता शिक्षालयहरुको स्तर उन्नती गर्दै लगिनेछ।
- गाउँपालिका भित्रका विधालयहरुमा क्रमिक रुपले बालविकास कक्षा देखि नै सुद्रिढिकरण, व्यवस्थित बालमैत्री र प्रविधिमैत्री सिकाईको व्यवस्थापन गरि यस जनशक्तिमा व्यवस्थापन गर्दै प्रभावकारी कार्यान्वयन गरिनेछ ।
- सामुदायिक विधालयहरुमा शिक्षा ऐन तथा नियामावलीमा व्यवस्थापन भए बमोजिमको न्युनतम जनशक्तिको व्यवस्थापन गरिनेछ ।
- विधालयमा कार्यरत का.स/स.का./कर्मचारी/शिक्षक तथा प्र.अ.हरुको कार्यसम्पादनमा आधारित प्रोत्साहनको व्यवस्था गरि कार्यान्वयन गरिनेछ ।
- स्थानिय पाठयक्रम निर्माण गरि क्रमिक रुपले कार्यान्वयन गरिनेछ ।
- गाउँपालिका भित्रका विधालयहरु मध्ये शिक्षण सिकाई तथा अन्य पक्षहरुको मुल्याङ्कन गरि उत्कृष्ट/नमुना विधालयको रुपमा घोषणा गरि थप व्यवस्थित र प्रभावकारी बनाईनेछ ।

## ख. स्वास्थ्य

- चौविसै घण्टा इमरजेन्सी सेवा सहित १० शैयाको अस्पतालको भवन निर्माणलाई निरन्तरता दिईनेछ ।
- निःशुल्क आधारभुत स्वास्थ्य सेवालाई प्रभावकारी र सुदृढ बनाउन स्वास्थ्य संस्थामा जनशक्ति, उपकरण तथा औषधीको उपलब्धता सुनिश्चित गरिनेछ ।
- समय समयमा निःशुल्क स्वास्थ्य सिविर सञ्चालन गरिनेछ ।
- बिधमान स्वास्थ्य केन्द्रको स्तरोन्नतिमा जोड दिइने छ । स्वास्थ्य क्षेत्र सुधार अभियान अन्तर्गत संस्थागत सुधार र क्षमता विकास कार्यक्रम सञ्चालन गरिनेछ ।
- बहुक्षेत्रीय पोषण योजनालाई प्रभावकारी रुपमा कार्यान्वयन गरिनेछ ।
- महामारी रोगहरुको नियन्त्रणका लागि आवश्यक योजना र संयन्त्रको निर्माण गरिनेछ ।
- आयुर्वेदिक औषधालयको सेवा विस्तार गरिनेछ ।

राम प्रमोद यादव
गाउँपालिका अध्यक्ष

- पूर्ण खोप सुनिश्चितता गरिने छ ।
- स्वास्थ्य स्वयम् सेविकाहरुलाई विगतमा दिंदै आएको प्रोत्साहन भत्तालाई निरन्तरता दिइनेछ ।
- विशेषज्ञ सहितको स्वास्थ्य सेवामा सवैको पहुँच सुनिश्चिता गरिनेछ ।
- कार्यालय समयमा कार्यरत स्वास्थ्यकर्मीले निजि क्लिनिक सञ्चालनमा रोक लगाइनेछ ।
- अर्गानिक खेतीको विस्तार र तरकारी तथा खाधान्नमा विषादीको उचित व्यवस्थापन गर्न विशेष व्यवस्था गरिनेछ ।
- महिला स्वयंमसेविकाहरुको दक्षता विकास तालिम उपलब्ध गराई उनीहरुको सेवालाई प्रभावकारी तुल्याईनेछ ।
- मातृ तथा नवजात शिशु मृत्यु दरको दिगो विकास लक्ष्य पुरा गर्न
  - क. संस्थागत प्रशुति सेवा ९० प्रतिशत प्रयाउनेछ ।
  - ख. प्रशुति सेवाको लागि गा.पा. भरी निःशुल्क एम्बुलेन्स सेवा प्रदान गरिनेछ ।
  - ग. प्रशुति तथा नवशिशु घर भेट कार्य गरिनेछ ।
  - घ. संस्थागत प्रशुति हुनेलाई पौष्टिक आहार तथा झुल प्रदान गरिनेछ ।
- ४० वर्ष माथिका समुदायलाई नसर्ने रोगको स्क्रिनिङ गरी निःशुल्क रुपमा उपाचार गरिनेछ ।
- पाठेघर झर्ने समस्या महिलाहरुको स्क्रिनिङ गरि निःशुल्क रुपमा उपचार गरिनेछ ।
- मानसिक रोग पिडित व्यक्तिहरुलाई विशेष उपचार तथा परामर्श दिइनेछ ।

## ग. खानेपानी तथा सरसफाई तर्फः

- सवै गाउँवासीलाई आधारभुत खानेपानी तथा सरसफाई सेवा उपलब्ध गराउन खानेपानी, सरसफाई सम्बन्धि नीति तथा कार्ययोजना तर्जुमा गरिनेछ ।
- यस पालिकाबाट सञ्चालन गरिने खानेपानी, सरसफाई र स्वच्छता कार्यक्रमलाई साझा अभियानको रुपमा विकास गरी व्यक्तिहरुको स्वास्थ्य, मान, प्रतिष्ठा र इज्जतको सवालसँग जोडी कम लागतमा बढी नतिजा आउने कार्यक्रम सञ्चालन गरिने छ । यसका लागि पालिकाको १० वर्षिय खानेपानी, सरसफाई र स्वच्छता योजना (WASH Plan) तयार गरि सवै सरोकारवालाहरु र विकास साझेदारी संस्थाहरुलाई यसै योजनको लक्ष्य पूरा गर्न एकद्धार प्रणालीबाट कार्यक्रम सञ्चालन गरिने छ ।
- दिगो विकास र नेपाल सरकारको विकास लक्ष्यलाई पूरा गर्नका लागि खानेपानी सुविधामा पहुँच नभएका जनताहरुको पहिचान गरी खानेपानी सुविधाहरु निर्माण गर्ने, पानी सुरक्षा योजनाहरु लागू गर्ने र खुला दिसामुक्त पछि खानेपानी सुरक्षित समुदाय (Water Safe Community) विकास गर्दै पूर्ण सरसफाई तर्फ अगाडि बढ्ने नीति लिईनेछ ।

राम प्रमोद यादव
गाउँपालिका अध्यक्ष

- कुनै पनि समयमा आउन सक्ने विपद्सँग जुध्न सक्ने खानेपानी र सरसफाई संरचना निर्माण गर्नका साथै यसका लागि पूर्व तयारीका लागि आवश्यक क्षमता विकास गर्नका साथै सफा सरकार (Wash Government) सुनिश्चित गर्न वातावरण तयार गरिनेछ ।

## घ. लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण नीतिः

- गाउँपालिकाबाट प्रदान गरिने सामाजिक तथा आर्थिक आवश्यकताहरु महिलाहरुको सम्मानजनक सहभागिता सुनिश्चित गर्न लक्षित तथा सिमान्तकृत महिलाहरुको क्षमता अभिवृद्धि र जिवनस्तर सुधारका लागि संरक्षणात्मक सेवा उपलब्ध गराई सशक्तिकरण गरिनेछ ।
- युवाहरुमा सीपमूलक र व्यवसायिक तालिम मार्फत सिर्जनात्मक क्षमताको विकास गरी स्वरोजगार सिर्जना हुने कार्यक्रम ल्याइने छ ।
- महिलाद्धारा सञ्चालित घरेलु उधोग, कृषि फार्म, पशु फार्म, व्यापार र व्यवसायको करमा विशेष छुट तथा अनुदानको व्यवस्था मिलाइने छ ।
- महिला हिंसा तथा बालबालिकाको श्रम सोसन को अन्त्य गर्न आवश्यक कार्यक्रम सञ्चालन गरिने छ ।
- बालश्रम मुक्त यस गाउँपालिकालाई बालमैत्री गाउँपालिकाको रुपमा विकास गर्न पहल गरिनेछ ।
- एक दलित बस्ती एक उत्पादन केन्द्र स्थापना गरी दलित समुदायलाई आर्थिक रुपले सबल बनाइने छ ।
- गाउँ क्षेत्र भित्र छुवाछुत,सामाजिक कुरीति,अन्ध बिश्वास तथा सामाजिक, लैंगिक विभेद र हिंसा का घटना न्यूनीकरण का लागि स्थानीय नीति त कार्यक्रम तर्जुमा गरिने छ ।
- बालमैत्री स्थानीय शासनलाई कार्यान्वयन गर्दै अघि बढाईनेछ ।
- बालबालिकाहरु तथा किसोरिहरु ससक्तिकरणका लागि बालश्रम,बाल विवाह, बहुबिवाह दहेज/दाइजो,बोक्सी प्रथा उन्मुलन गरी सामाजिक विकृति न्यूनिकरण गरिने नीति कार्यान्वयन गरिनेछ ।
- युवा बेरोजगार ,पछि परेका वर्ग र आवश्यक ठहरिने यस गापा अन्तर्गतका सबै नागरिक, कर्मचारी तालिम र अभिमुखीकरण कार्यक्रम दिन एक तालिम केन्द्रको स्थापना गरिने छ ।
- महिला, दलित, जनजाति, मधेशी र विपन्न वर्गको सशक्तिकरणका लागि लोकसेवा तयारी कक्षा सञ्चालन गरिने छ ।
- वैदेशिक रोजगारमा जाने स्थानीय तहका नागरिकहरुको रोजगारीलाई सुरक्षित मर्यादित र लाभदायक बनाउन आवश्यक कार्यक्रम तर्जुमा गरिनेछ ।
- गर्भवती महिलाहरुको लागि आमा सुरक्षा कार्यक्रम र नवजात शिशुको लागि पोषण कार्यक्रम संचालन निरन्तर्ता दिईनछ ।
- गाउँपालिका तथा वडास्तरीय बाल क्लब संजाललाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

राम प्रमोद यादव
गाउँपालिका अध्यक्ष

### ङ. युवा तथा खेलकुद सम्बन्धी नीति तथा कार्यक्रम

- वैदेशिक रोजगारबाट फर्केका युवाहरुले आर्जन गरेको ज्ञान र सिप सदुपयोग गर्दै स्वरोजगार र उधमशीलता विकासका लागि गाउँपालिका स्थानीय आर्थिक विकास योजना अन्तरगत समावेश भएका नवप्रवर्तनशील, लगायतका प्रोत्साहनमुखी कार्यक्रम संग आवद्ध गरिनेछ ।
- युवा उधमशिलता विकासका कार्यक्रमहरु मार्फत युवालाई "विदेश हैन विजनेस" भन्ने भावना जागृत तुल्याई स्वरोजगार उन्मुख गराइनेछ ।
- विपन्न, गरिब र सुकुम्वासी परिवारका युवाहरुलाई इलेक्ट्रोनिक्स समाग्री मर्मत, पलम्बिङ्ग तथा इलेक्ट्रिसियन, ब्युटि पार्लर, होटल म्यानेजमेन्ट, व्यावासायिक पशु पालन तथा तरकारी खेती जस्ता तलिमहरु प्रदान गरीबी न्युनीकरण र जिविकोपार्जनमा सहजीकरण गरिनेछ र

## २. आर्थिक विकाश तर्फ

### क. कृषि तथा पशु

- गाउँपालिका क्षेत्रका उर्वर भूमिलाइ सिंचित गर्न सिचाँईको लागि आवश्यक व्यवस्था गरिनेछ ।
- कृषि तथा पशु पालन क्षेत्रको विकासमा कृषक समुह समिति सरकारी गैर सरकारी संस्थाहरुसँग साँझेदारी गर्ने नीति अवलम्बन गरिने छ ।
- स्थानीय उत्पादनलाई बजारमा बजारीकरण गरिनेछ।
- कृषि उपजमा किटनाशक औषधिको प्रयोगलाई निरुत्साहित गर्दै अर्गानिक उत्पादनमा जोड दिईने कार्यक्रमलाई निरन्तरता दिइने छ ।
- जडिबुटिलाइ संरक्षण, सम्बर्द्धनको लागि जडिवुटी खेति तथा सो को बजारीकरण को लागि आधुनिक तरीकाले विशेष कार्यक्रम ल्याइनेछ ।
- अर्गेनिक खेतीलाइ जोड दिइनेछ ।
- यस गाउँपालिकामा संचालित सहकारी संस्थाहरुलाई मुल्य र मान्यताको आधारमा संचालित गर्न तथा नियमन गर्न प्रभावकारी पृष्टपोषण सहितको अनुगमन गरिनेछ ।
- कृषिमा आधारित कृषकहरुलाई परामर्श सेवा लयायतका अन्य सेवा प्रदान गर्न कार्यालयलाई व्यवस्थित एवं सेवाको सक्रियता बढाइने छ ।
- स्थनीय उत्पादन तथा बजारीकरणमा जोड दिदै कृषिमा यान्त्रिकिकरण, विविधिकरण र व्यवसायीकरण गरिनेछ ।
- मल खाध आपुर्तिका लागि संघ र प्रदेश सरकारसँग समनव्य गरि अधिकतम पहल गरिनेछ ।
- विउ विजन वितरणमा पारदर्शी, यथार्थपरक र वैज्ञानिक तबरले गरिनेछ ।

राम प्रमोद यादव
गाउँपालिका अध्यक्ष

- कृषि सहकारी समुह अनुगमन गरी मर्म विपरितका सहकरी समुहलाइ खारेज गरिनेछ ।
- कृषि सिचाइका लागि सम्भाव्यता अध्ययन गरि लागु गरिनेछ ।
- यस क्षेत्रका कृषकलाइ सिचाइमा सत प्रतिशत महसुल निशुल्क हुनेछ ।
- गाइ भैसी बाख्रा, माछा कुखुरा पालनमा आवश्यक सहुलियत अनुदानको व्यवस्था गरिनेछ ।
- व्यावसायिक कृषि पकेट क्षेत्रमा सिंचाई, कृषि सडक, विधुतिकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको पुर्वाधार निर्माण गरिनेछ ।

## ख. पर्यटन तथा संस्कृति प्रवर्द्धन नीति

- पर्यटकीय तथा संस्कृति प्रवर्द्धनका लागि पोखरी सौन्दर्यकरणको सम्भाब्यता आध्ययन गरिनेछ ।
- यस गाँउपालिकामा रहेको देवी थानलाई धार्मिक क्षेत्रको रुपमा विकासका लागि अध्यन गरिनेछ।
- गाउँपालिका क्षेत्र भित्र बसोवास गर्ने सम्पूर्ण समुदयहरुको मौलिक परम्परा र भाषा संस्कृतिको जगेर्ना गर्न विशेष कार्यक्रमहरु लागु गरिनेछ ।
- धार्मिक सांस्कृतिक तथा ऐतिहासीक रुपमा महत्वपूर्ण मठ मन्दिर आदीको संरक्षण, सम्बर्द्धन र प्रवर्द्धन गरिनेछ ।
- मैथिली रितिरिवाज झल्कीने सांस्कृतिक कार्यक्रमहरु, फाल्गुण पुर्णिमा होली, दाहा मेला (मोहर्रम), झिझिया नाच, जट जटनी नाच, डोम कक्ष नाच, मिथिला चित्रकला लगायतका स्थानीय लोक सांस्कृतीको संरक्षण र सम्बर्द्धनको निम्ती सार्वजनिक र निजी साझेदारीमा कार्यक्रमहरु संचालन गरिनेछ ।
- गाउँपालिका खुल्ला बहुसांस्कृतिक संग्रहालयको रुपमा विकास गर्न पुर्वाधार निर्माण गर्दा बहुसांस्कृतिक पहिचान र मौलिकता झल्किने वास्तुकला, मुर्तिकला, चित्रकला जस्ता संकेतहरु (SYMBOL) निर्माण गरिनेछ ।
- गाउँपालिका भित्र आयोजना हुने महोत्सवहरुमा विविध जातीय भेषभुषा, कला साहित्य, संगित लगायतको झाँकी सहित प्रदर्शन गर्ने नीति लाइनेछ ।
- गाउँपालिका भत्र बोलिने विभिन्न जातजातीका मातृ भाषाहरुको संरक्षण गर्दै त्यस्ता भाषाको लिपी तथा व्यकरण लेखन तथा प्रकाशन गर्ने नीति लिइनेछ ।
- पर्यटन मार्फत आर्थिक समृद्धि हासिल गर्न गाउँपालिका पर्यटन क्षेत्रको सम्भाव्यता अध्यन गरी सोही आधारमा पर्यटन पुर्वाधार विस्तार र पर्यटन विकासका कार्यक्रमहरु संचालन गरिनेछ ।

## ग. उद्योग तथा वाणिज्य नीति:

- यस गाउपालिका क्षेत्रमा सञ्चालन हुने सम्पुर्ण उद्योग तथा व्यवसायीहरुलाई करको दायरा भित्र ल्याउन विशेष अभियान सञ्चालन गरिनेछ।
- महिला उधमी र आर्गेनिक मल उत्पादन गर्ने उधमीलाइ सहुलियत ऋण उपलब्ध गराइने छ।

राम प्रमोद यादव
गाउँपालिका अध्यक्ष

- परम्परागत तथा सांस्कृतिक रुपमा स्थानीय जनतामा रहेका कलालाई घरेलु तथा लघु उद्यमको माध्यमबाट प्रवर्द्धन गरी आय आर्जनको स्रोतको रुपमा विकास गरिनेछ ।
- आर्थिक रुपमा पछि परेका दलित तथा विपन्न समुदायका युवा-युवती, सबै जातजातीका महिलाहरुलाई लघु उद्यमशिलता सम्बन्धि तालिम प्रदान गरि स्वरोजगारीमा टेवा पुऱ्याइनेछ
- गाँउपालिका क्षेत्रमा संचालित उद्योग एवं व्यवसायहरु स्थापनाको उदेश्य अनुरुप संचालन भए नभएको सम्बन्धमा नियमित अनुगमन गरिनेछ ।
- व्यावसायिक कृषि पकेट क्षेत्रमा सिचाई, कृषि सडक, विधुतिकरण, कृषि बजार, सित भण्डार तथा गोदाम घरहरुको पुर्वाधार निर्माण गरिनेछ ।

**घ. सहकारी नीतिः**

- प्रत्येक वडामा सहकारी मार्फत दुध संकलन केन्द्र स्थापना गरिनेछ ।
- सहकारी क्षेत्रलाई आर्थिक विकासको महत्वपुर्ण खम्बाको रुपमा विकास गर्न समुदायमा आधारित, सदस्य केन्द्रित, लोकतान्त्रिक, स्वायत्त तथा सुशासित संगठनको रुपमा प्रवर्द्धन गरि सहकारी मार्फत विकासात्मक कार्य गर्ने नीति लिइनेछ ।
- कृषि, उद्योग र व्यवसायको सहकारीकरणको माध्यमबाट आत्मनिर्भर र दिगो रुपमा स्थानीय अर्थतन्त्रको निर्माण गरिनेछ ।
- स्थानीय सहकारी संस्थाहरुको दर्ता, नविकरण तथा व्यवस्थापन पारदर्शी तथा अनुमान योग्य बनाउदै नियमनकारी भुमिका निर्वाह गरिनेछ ।
- सहकारी संस्ताहरुलाई कोपोमिसमा आवद्ध गराईनेछ ।

**ङ. राजश्व परिचालन नीति**

- करको दायरा बढाई करको दर घटाउने छ ।
- कर तिर्न सबै करदातालाई प्रेरित गरिनेछ ।
- एक जना उत्कृष्ट करदातालाई सम्मान गरिनेछ।
- कर तथा राजस्व प्रशासन लाई चुस्त, दुस्त बनाउन software प्रणाली अनिवार्य रुपमा लागु गरिनेछ ।
- अधिक्तम जनतालाई सो स्फुर्तरुपमा करको दायरा भित्र ल्याउन उपयूक्त वातावरण श्रृजना गरी आवश्यक पहल गरिनेछ ।
- समयमा र सबभन्दा बढी राजस्व तिर्ने एकजना सेवाग्राहीलाई उत्कृस्ट घोषणा गरि पुरस्कृत गरिने व्यवस्था मिलाईनेछ ।
- करको दर सम्भव भएसम्म न्युन्तम गर्दै करको दायरा विस्तार गर्ने नीति लिइनेछ । प्रगतिशिल कर प्रणाली अवलम्बन गरी नागरिकहरु बिच रहेको असमानता न्युनीकरण गर्दै लगिनेछ ।
- गाउँपालिका आन्तरिक राजश्व अभिवृद्धिका लागि करका नयाँ सम्भाव्य क्षेत्रहरु पहिचान गरिनेछ।
- वडा कार्यालयहरुसँग समन्वय गरी घर बहाल करमा रहेको चुहावट नियन्त्रण गर्न घरधनी र वहालमा रहनेहरुको अभिलेख अध्यावधिक राख्ने प्रणाली विकास गरिनेछ ।

राम प्रमोद यादव
गाउँपालिका अध्यक्ष

## च. आन्तरिक नियन्त्रण तथा लेखापरिक्षण नीतिः

- कानूनी रुपमा गर्नुपर्ने अन्तिम लेखा परिक्षण समयमै गर्ने व्यवस्था मिलाउने र साविकको गा.वि.स. तथा हालको गाउँ पालिकाको पेश्की तथा बेरुजु कडाईका साथ फछ्यौट गर्न आवश्यक पहल गरिनेछ ।
- चौमसिक रुपमा आन्तरिक लेखा परिक्षणको व्यवस्था गरि सार्बजनिक गरिनेछ ।

# ३. पुर्वाधार विकास नीतिः

## क. सडक तथा पूल

- कृषि सडकलाई प्राथमिकता दिई निर्माण गर्ने कार्यलाई निरन्तरता दिईनेछ ।
- यातायात गुरुंयोजना कार्यान्वयन गरिनेछ ।
- चालु आवमा गाउँपालिकाको प्रशासकीय भवन सम्पन्न गरिने छ ।
- गाँउको विभिन्न वडाहरुमा रहेको मुल बाटोहरु स्तरोन्नती गर्ने नीति लिइनेछ । गाँउको भित्री बाटोहरुलाइ आवश्यकता अनुसार फराकिलो बनाइ मुल बाटोसम्म जोड्ने ग्राभेल तथा RCC/Pcc ढलान कालोपत्रे जस्ता कार्य गर्ने नीति अवलम्बन गरिनेछ ।
- गाँउपालिका क्षेत्रको समग्र पुर्वाधार विकासका लागि चालू आ.व. मै यातायात गुरु योजना तयार गर्ने तथा एकिकृत ग्रामिण विकास योजना लागु गरिनेछ ।
- माटो, ग्राभेल तथा टुके योजनालाई निरुत्साहन गर्ने नीति लिइने छ ।
- गाउँपालिका क्षेत्रको सडक तथा स-साना पुलहरु तथा पानि निकासको लागि होयुम पाईप जडान गर्ने नीतिहरु अंगिकार गर्नेछ ।
- गाउँपालिकाका विभिन्न वडाहरुबाट गाँउपालिका केन्द्र जोड्ने सडकहरुको स्तरोन्नती गरिने छ ।
- सडकहरुको नियमित मर्मत संभार तथा निर्मित पूर्वाधार मर्मतका लागि एक मर्मत संभार कोष खडा गरी नियमित रुपमा मर्मत गरिने नीति लिईनेछ ।
- गाउँपालिकामा रहेको खाली मैदानमा आवश्कता अनुसार गाउँपालिका स्तरीय रंगशाला निर्माण गर्न अध्ययन गरिनेछ ।
- गा.पा.क्षेत्र भित्रका संरचना, जग्गा, जमिन, गा.पा.का अधिनमा आउन सक्ने सम्भावित सम्पति खोजविन नापजाँच आदि कार्यको लागि प्राविधिकको व्यवस्था गरिनेछ ।
- सामुहिक भुमिसुधार जल योजना बनाई कार्यान्वयन गर्न आवश्यक ब्यवस्था मिलाईनेछ ।
- साना तथा मझौला सिंचाईको सम्भाव्यता अध्ययन गरिनेछ ।
- आवधिक योजना, आवास योजना र वस्ति विकास योजना तर्जुमा गरी कार्यान्वयन गरिनेछ ।
- दिर्घकालिन लगानी मार्ग दर्शनका लागि गाउँपालिका सडक गुरुयोजना तर्जुमा गरी कार्यान्वयनमा ल्याइनेछ

राम प्रमोद यादव
गाउँपालिका अध्यक्ष

- आवासको हकलाई सुनिश्चित गर्न सुर्क्षित तथा रोजगारीको समेत व्यवस्था हुन सक्ने स्थानमा जग्गा प्राप्त गरी सहुलियत आवास योजना कार्यान्वयन गरिनेछ । यसका लागि निजी क्षेत्र संग साझेदारी समेत गर्न सकिनेछ ।
- गाउँपालिका गहनाको रुपमा रहेको वाल उधान, पार्क, खुल्ला ठाउँ, सामुदायिक भवन लाई मर्मत तथा पुर्न निर्माणको कार्यलाई प्राथमिकता दिइनेछ ।

**ख. भवन तथा शहरी विकास नीति:**

- भवन निर्माण गर्दा यस गाउँपालिकाबाट स्वीकृत कार्यविधि तथा नेपाल सरकारले तोकेका मापदण्डहरु पालना गर्ने नीति अंगिकार गरिनेछ ।
- घरनक्सा स्वीकृत नगरी घर निर्माण गर्ने प्रवृतिको अन्त्यका लागि दण्ड जरिवानाको व्यवस्था गरिनेछ ।
- वृक्षारोपण सहितको सडक निर्माणलाई प्रोत्साहन गरिनेछ ।
- गाँउपालिकाका विभिन्न स्थानहरुमा RECREATION PARK, CHILDREN PARK आदि प्राथमिकताको आधारमा अध्ययन शुरु गरिनेछ ।
- प्लटिङ्गलाई व्यवस्थित गर्न तोकिए बमोजिमको मापदण्ड अनुसार नाला, विद्युत, खुल्ला स्थान आदिको व्यवस्था सहित गाउँपालिकामा दर्ता हुने व्यवस्था गरिनेछ ।
- गाउँपालिकाको क्षेत्रभित्र रहेका सरकारी निजी तथा ऐलानी जग्गाहरु, पोखरी लगायतका सम्पत्तिहरु, सुकुम्बासी तथा अव्यवस्थित बसोबास क्षेत्रहरुको लगत संकलन गरि उचित व्यवस्थापन गरिनेछ ।
- गाउँपालिका भित्र हुने विकास निर्माणका योजनाहरुको आवश्यकताअनुसार DPR गरी विकास निर्माणका कार्यहरु अगाडि बढाइनेछ ।

**४. वातावरण, वन तथा विपत व्यवस्थापन नीति:**

**क वन तथा भु-संरक्षण नीति:**

- वन्यजन्तु, चराचुरुङ्गी, जल उपयोग, वातावरण, पर्यावरण तथा जैविक विविधता सम्बन्धि मापदण्ड तयार गरी कार्यान्वयन गरिनेछ ।
- गाउँपालिका क्षेत्र भित्र नदी किनार तथा सडक किनारमा वृक्षारोपण गरिनेछ ।
- नीजि तथा सार्वजनिक जग्गाहरुमा औषधी गुणयुक्त वनस्पतिहरु, जडिबुटिहरु तथा दुर्लभ एवमं लोपोन्मुख विरुवाहरु रोप्ने तथा संरक्षण गरिनेछ ।
- गाउँपालिका क्षेत्रमा रहेका ताल तलैया तथा पोखरिहरुको लगत संकलन गरी तिनमा भएका जैविक विविधताको संरक्षण र व्यबस्थापन गर्दै तीनिहरुलाई पर्यटकिय क्षेत्रको रुपमा विकास गर्दै लगिनेछ ।
- नदि क्षेत्रहरुको संरक्षण गर्न नदि किनारको अतिक्रमण रोक्न र नदी नियन्त्रण गर्न आवश्यक पहल गरि टटवन्धको कार्य प्रारम्भ गरिनेछ ।
- यस गाउँपालिका क्षेत्र भित्र रहेका सार्वजनिक सरकारी सम्पतीलाई केन्द्र तथा प्रदेश सरकारसंग समन्वय गरी गाउँपालिकाको मातहतमा ल्याउन पहल गरिनेछ ।

राम प्रमोद यादव
गाउँपालिका अध्यक्ष

**ख. वातावरण संरक्षण तथा जलवायु परिवर्तन सम्बन्धि नीति:**

- विकास कार्यक्रमहरु संचालन गर्दा वातावरण मैत्रि र जलवायु परिवर्तनसँग अनुकुलित हुने गरि संचालन गरिनेछ ।
- प्लाष्टिक झोला नियन्त्रण गर्दै कागज तथा कपडा जन्य झोलालाई प्रोत्साहान गरी क्रमिक रुपमा यस गा. पा लाई प्लाष्टिक मुक्त गा.पा.घोषणाको लागि पहल गरिनेछ ।
- जैविक विषादीको खोजी तथा प्रवर्द्धन गर्दै स्वास्थ्यमा प्रतिकुल असर गर्ने रासायनिक विषादी माथी प्रतिबन्द लगाईनेछ ।
- ठुला ठुला आयोजनाहरु संचालन गर्दा EIA/IEE गरिनेछ ।

**ग. फोहोरमैला व्यवस्थापन नीति:**

- गाउँक्षेत्रका फोहोरको नियमित रुपमा सरसफाई गरिनेछ ।
- फोहोर व्यवस्थापनका लागि ल्याण्ड फिल्ड साईड खोजि गरिनेछ ।
- फोहर ब्यवस्थापनका सम्बन्धमा वडा समितिहरु मार्फत जनचेतना कार्यक्रम संचालन गरिनेछ
- गाउँक्षेत्रको फोहोर व्यवस्थापनमा निजी क्षेत्रलाई संलग्न गराई फोहोर व्यवस्थापनमा सार्वजनिक-निजी साझेदारी नीति अबलम्बन गरिनेछ ।
- सरसफाई कार्य नियमित व्यवस्थित गर्न सरसफाई कर्मचारीको व्यवस्था गरिनेछ ।

**घ. विपत जोखिम न्यूनीकरण तथा व्यवस्थापन नीति:**

- विपत प्रतिकार्यको समयमा संलग्न सरकारी निकाय, गैरसरकारी संस्था तथा नागरिक बिच अन्तर सम्बन्ध कायम गरी पिडितको पहिचान, पिडितलाई तत्काल राहत तथा पुन:स्थापना सम्बन्धि कार्यमा एकरुपता ल्याई दोहोरोपन सृजना हुन रोक लगाइनेछ ।
- स्थानीय/समुदाय स्तर सम्म विपत पुर्व तयारी तथा प्रतिकार्य क्षमता विकास गर्न जनचेतनामुलक कार्यक्रमहरु संचालन गरिनेछ ।
- विपदको समयमा राहत प्रदान गर्न एवमं तत्काल बाटो, पैनी, आदि मर्मत गरि क्षति न्युनिकरण गर्न एक विपद व्यवस्थापन कोष खडा र परिचालन सम्वन्धि निर्देशिका तयार गरिनेछ
- बिपदपूर्व तयारी तथा प्रतिकार्य योजना निमाणपूर्वाधार निर्माणका विपद् जोखिम न्यूनीकरणलाई समावेश गरी कार्यान्वयन गरिनेछ
- खोज तथा उध्दार गर्न सक्ने, अग्नी नियन्त्रण गर्न सक्ने, प्राथमिक उपचार गर्न सक्ने, मनोसामाजिक परामर्श दिन सक्ने दक्षजनशक्ति परिचालन गरिनेछ ।

## ५. <u>संस्थागत विकास, सुशासन र सेवा प्रवाह:</u>

**क. वित्तिय व्यवस्थापन**

- गाउँपालिका तथा विषयगत कार्यालयको आम्दानी र खर्चको लेखाङ्कन software मार्फत गरिनेछ।
- सार्वजानिक खरिद गर्दा पारदर्शी एवमं मितव्ययी ढङ्गले गरिनेछ।
- खर्चको नियमित रुपमा सर्वजनिकीकरण गर्ने तथा गाउँपालिकाको वेवसाईट मार्फत सार्वजनिकीकरण गरिनेछ ।

राम प्रमोद यादव
गाउँपालिका अध्यक्ष

- उपभोक्ता समितिहरु मार्फत संचालित योजनाहरुको नियमित अनुगमन, खर्च सार्वजनिककरण तथा सार्वजनिक सुनुवाई गर्ने व्यवस्थालाई कडाईका साथ लागु गरिनेछ ।
- वित्तिय तथा भौतिक प्रगति सहितको प्रतिवेदन नियमित रुपमा तयार गरी सार्वजनिकीकरण गरिनेछ ।

**ख. न्याय सम्पादन नीतिः**

- नेपालको संविधान तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को अधिनमा रहि निष्पक्ष, छिटो, छरितो, सुलभ, प्रभावकारी तथा जनउत्तत्तरदायी न्याय प्रणाली स्थापित गरिनेछ ।
- स्थानीय स्तरमा उत्पन्न हुने विवादलाई मेलमिलापको माध्यमबाट समाधान गर्न प्रत्येक वडामा भएको मेलमिलाप समिति लाई सक्रिय बनाईनेछ ।
- स्थानीय सामुदायिक मेलमिलाप केन्द्रका सदस्यलाई, समितिको सदस्यलाई न्यायिक समितिले मेलमिलाप कर्ताको रुपमा सुचीकृत गरी निजहरुलाई मध्यस्थता तथा मेलमिलाप सम्बन्धि अभिमुखीकरण/तालिम प्रदान गरिनेछ ।
- गाउँपालिका तथा न्यायीक समितिलाई कानुनी सल्लाह प्रदान तथा गाँउपालिका क्षेत्र भित्रका असहाय, विपन्न तथा हिंसा पिडित व्यक्तिहरुको कानूनी उपचारमा समन्वय गर्न कानूनी सल्लाहकार राखिनेछ ।
- न्यायिक कार्य सम्पादनलाई बार्षिक प्रतिवेदन मार्फत सभामा पेश गर्ने व्यवस्था मिलाईनेछ।

**ग. सुचना तथा सञ्चार व्यवस्थापन नीतिः**

- नागरिकको सुचनाको हकको उच्च सम्मान गर्दै सुचनाको हक सम्बन्धि ऐनले निर्दिष्ट गरे बमोजिमका सुचनाहरु प्रकाशन तथा नागरिकले मागेको सूचना नियम अनुसार प्रदान गरिने छ ।
- गाउँपालिकाको वेवसाईट लाई रिडिजाईन गरि एक्टेक्टिभ बनाईनेछ, फेसबुक, ट्वीटर जस्ता सामाजिक सञ्जालको समेत प्रयोग गरि सुचना सम्प्रेषण गरिनेछ ।
- छिटो, छरितो र प्रभावकारी सञ्चारका लागि गाँउपालिकाका पदाधिकारीहरु तथा कर्मचारीहरुलाई एस.एम.एस. मार्फत सुचना प्रवाह गर्ने; सबै पदाधिकारी एवम् कर्मचारीहरुलाई प्रविधिमैत्री बनाउन आवश्यकतानुसार तालिम दिने तथा इमेल मार्फत पत्र आदानप्रदान गर्ने व्यवस्था गरिनेछ ।
- सूचना सूचित तथा व्यवस्थित गर्न नागरिक वडा पत्र र यस गापा भित्रका सम्पुर्ण सार्वजनिक निकायलाइ प्रविधि मार्फत नियन्त्रण हुने व्यवस्था गरिनेछ ।
- सुचना अधिकारीलाई सक्रिय तथा जवाफदेही बनाईनेछ ।
- यस क्षेत्रको पत्रकारहरु तथा संचारकर्मिहरु लाई अभिमुखिकरण मार्फत थप उर्जावान बनाउने प्रयत्न गरिनेछ ।

राम प्रमोद यादव
गाउँपालिका अध्यक्ष

घ. सार्वजनिक सेवा तथा संगठन

- पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धिका लागि विभिन्न तालिम तथा अभिमुखीकरण कार्यक्रमहरु संचालन गरिनेछ ।
- सेवा प्रवाहलाई प्रभावकारी बनाइ सबै गाउँबासीलाई सहज सरल ढंगबाट सेवा दिन गाउँ कार्यपालिकाको कार्यालय, सबै वडा कार्यालयहरु तथा विषयगत कार्यालयहरुमा सेवा प्रवाह सम्बन्धी स्पष्ट जानकारी सहितको नागरिक वडापत्र राख्ने तथा First come first service, Last come last service सिद्धान्त का आधारमा सेवा प्रदान गरिनेछ ।
- गाँउपालिकाका वडा कार्यालय लगायत विभिन्न निकायहरुमा ई-हाजिरी प्रणालीको व्यवस्था गरिनेछ ।
- सेवा प्रवाह तथा कार्य सम्पादनमा गुणात्मक सुधार गर्न विधुतिय शासन प्रणाली लाई क्रमश लागू गर्दे जाने । यसै वर्ष वडा कार्यालयहरुमा Cctv, back up तथा Internet सेवा जडान गरी गाउँपालिका केन्द्रसँग networking गरिन्छ ।
- दक्ष इमान्दार तथा अनुशासित कर्मचारीलाई पुरस्कृत गर्ने निति अवलम्बन गरी प्रत्येक वर्ष उत्कृष्ट कर्मचारी लाई प्रोत्साहन तथा सम्मान स्वरूप रकम रु.१० हजार नगद पुरस्कार प्रदान गर्नेछ ।
- कर्मचारी कल्याण काषको व्यवस्वथालाई निरन्तरता दिईनेछ ।
- गाउँपालिकाको सेवा प्रवाह, अनुगमन, मुल्याङ्कन तथा समन्वयात्मक कार्यमा सहयोग गर्न आवश्यकता अनुसार चार पांग्रे तथा दुई पांग्रे सवारी साधनहरु व्यवस्थापन गरिनेछ।
- पदाधिकारी तथा कर्मचारीको क्षमता अभिवृद्धि तथा ज्ञान, सिप, र व्यवहारमा परिवर्तनका लागि वर्षमा कम्तिमा १ पटक अवलोकन भ्रमण कार्यक्रम गरिनेछ ।
- दरवन्दी भन्दा बाहिर वा फाजिल दरबन्दीमा रहेको कर्मचारीलाई सरुवा वा विदाई गरी व्यवस्थापन गरिनेछ ।
- वार्षिक कार्य योजना तयार गरि सोहि बमोजिम कार्यन्वयन गरिनेछ ।
- गाउँपालिकाका विभिन्न शाखामा कार्यरत कर्मचारीहरुलाई जिम्मेवार तुल्याउन आर्थिक वर्षको पहिलो महिनामा शाखाको कर्मचारी शाखा प्रमुख सँग, शाखा प्रमुख प्रमुख प्रमुख प्रशासकीय अधिकृत सँग र सम्पूर्ण कर्मचारी सामुहिक रुपमा प्र.प्र.अ. संग र प्र.प्र.अ गा.पा.अध्यक्ष सँग कार्य सम्पादन सम्झौता गरिनेछ ।
- शाखागत कार्य विवरण तथा कार्य विशिष्टिकरण तयार गरी कार्यान्वयन गरिनेछ ।
- कर्मचारीहरु कार्य सम्पादनका लागि सूचक सहितका मापदण्ड बनाइने छ । र सोही मापदण्ड बमोजिम प्राप्त अंङ्कको आधारमा सेवा सुविधा एवं दण्ड पुरस्कारको व्यस्था गरिनेछ।

राम प्रमोद यादव
गाउँपालिका अध्यक्ष

उपस्थित सभा सदस्यज्युहरु,

आ.व.२०८०/०८१ को नीति तथा कार्यक्रम यस गाउँपालिकाको लागि एउटा दिर्घकालिन नीति पनि हो । यो स्थानीय तहको लागि इतिहास हुनेछ । यसले पुस्तौ-पुस्तालाई मार्गदर्शन दिई रहनेछ । यस कारण यस नरहा गाउँपालिकाको लक्ष्य हासिल गर्न जनताको आशा विश्वासलाई जोगाउन गाउँपालिकाको समग्र विकास गर्न तथा "शिक्षा स्वास्थ्य सिंचाई र खानेपानी समृद्ध नरहा निर्माणमा हाम्रो लगानी", नारा साकार पार्न क्षेत्रगत, विषयगत, वडागत योजनाहरु नीति तथा कार्यक्रम अनुरुप हुन जरुरी छ ।

गाउँपालिकाको सन्तुलित,व्यवस्थित एवं समावेशी र दिगो विकास हाम्रो चाहाना हो र साध्य पनि हो । कुनै एक क्षेत्रको मात्र विकासले गाउँपालिकाको समग्र विकास हुन सक्दैन भन्ने धारणालाई आत्मसात गर्दै योजना तर्जुमा गर्दा माथीका सवै पक्षहरुलाई विशेष ध्यान दिईएको छ । जसबाट समग्र गाउँपालिकाको सर्वाङ्गिण विकासमा महत्वपूर्ण योगदान दिनेछ भन्ने कुरामा म विश्वस्त छु । योजना तर्जुमा गर्न र यस उद्देश्य प्राप्त गर्न प्रभावकारी र वैधानिक कार्यान्वयन अति महत्वपूर्ण हुन्छ तसर्थ यस दिशामा यहाँहरुको रचनात्मक, सृजनात्मक ठोस सहयोग रहने कुरामा म आशावादी छु ।
अन्त्यमा यहाँहरु सवैलाइ विशेष धन्यवाद दिदै विदा हुन्छु ।

**धन्यवाद, नमस्कार।**

राम प्रमोद यादव

श्री राम प्रमोद यादव
गाउँपालिका अध्यक्ष
नरहा गाँउपालिका, नरहा, सिरहा
२०८० साल असार १० गते आइतबार ।

# नरहा गाउँपालिकाको आर्थिक ऐन २०८०।०८१

## नरहा गाउँपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन २०८०-०८१

**प्रस्तावनाः**

नरहा गाउँपालिकाको आर्थिक वर्ष २०७९/०८० को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम नरहा गाउँपालिकाको प्रथम गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भः**

(१) यस ऐनको नाम "आर्थिक ऐन, २०८० रहेको छ ।

(२) यो ऐन २०८० साल श्रावण १ गते देखि नरहा गाउँपालिका क्षेत्रमा लागू हुनेछ ।

**२. सम्पति करः**

गाउँपालिका क्षेत्रभित्र अनुसूचि (१) बमोजिम एकिकृत/ सम्पत्ति कर/घरजग्गा कर लगाइने र असूल उपर गरिनेछ ।

**३. भूमि कर (मालपोत):**

गाउँपालिका क्षेत्रभित्रका जग्गामा त्यस्तो जग्गाको उपभोगका आधारमा अनुसूचि (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ । (एकीकृत सम्पत्ती कर लगाएको अवस्थामा भूमि कर नलाग्ने)

**४. घर जग्गा वहाल करः**

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले भवन, घर, पसल, ग्यारेज, गोदाम, टहरा, छप्पर, जग्गा वा पोखरी पूरै वा आंशिक तवरले वहालमा दिएकोमा त्यस्तो बहाल रकममा अनुसूचि (३) बमोजिम घर जग्गा वहाल कर लगाइने र असूल गरिनेछ ।

**५. व्यवसाय करः**

गाउँपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा अनुसूचि (४) बमोजिम व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

राम प्रमोद यादव
गाउँपालिका अध्यक्ष

६. जडिबुटी, कवाडी र जीवजन्तु कर:

गाउँपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु वाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता बस्तुको व्यवसायिक कारोवार गरेवापत अनुसूचि (५) बमोजिमको कर लगाइने र असूल उपर गरिनेछ ।

७. सवारी साधन कर:

गाउँपालिका क्षेत्रभित्र दर्ता भएका सवारी साधनमा अनुसूचि (६) बमोजिम सवारी साधन कर लगाइने छ र उक्त कर सम्बन्धित प्रदेशले असुल गरी अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०८० बमोजिम स्थानीय तहको विभाज्य कोष मार्फत् गाउँपालिकाको संचित कोषमा बाँडफाँड गर्नुपर्नेछ।

८. विज्ञापन कर:

गाउँपालिका क्षेत्रभित्र हुने विज्ञापनमा अनुसूचि (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ।यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७६ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ।

९. मनोरञ्जन कर:

गाउँपालिका क्षेत्रभित्र हुने मनोरञ्जन व्यवसाय सेवामा अनुसूचि (८) बमोजिम व्यवसाय कर लगाइने र असुल उपर गरिनेछ ।यसरी कर संकलन गर्दा अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७६ बमोजिम सम्बन्धित प्रदेशले निर्धारण गरेको विज्ञापन कर समेत संकलन गरी प्रदेश विभाज्य कोषमा राजश्व बाँडफाँड गर्नुपर्नेछ।

१०. बहाल बिटौरी शुल्क:

गाउँपालिका क्षेत्रभित्र आफुले निर्माण, रेखदेख वा संचालन गरेका हाट बजार, पसल वा सरकारी जग्गामा अनुसूचि (९) मा उल्लेख भए अनुसार बहाल बिटौरी शुल्क लगाइने र असूल उपर गरिनेछ ।

११. पार्किङ शुल्क:

गाउँपालिका क्षेत्रभित्र कुनै सवारी साधनलाई पार्किङ सुविधा उपलब्ध गराए वापत अनुसूचि (१०) बमोजिम पार्किङ शुल्क लगाइने र असूल उपर गरिनेछ।

१२. ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्ग शुल्क:

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र ट्रेकिङ्ग, कायोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र र्‍याफ्टीङ्गसेवा वा व्यवसाय संचालन गरेवारत अनुसूचि (११) बमोजिमको शुल्क लगाइने र असूल उपर गरिनेछ ।

राम प्रमोद यादव
गाउँपालिका अध्यक्ष

१३. सेवा शुल्क, दस्तुरः

गाउँपालिकाले निर्माण, संचालन वा व्यवस्थापन गरेका अनूसूचि १२ मा उल्लिखित स्थानीय पूर्वाधार र उपलब्ध गराइएको सेवामा सेवाग्राहीबाट सोही अनुसूचिमा व्यवस्था भए अनुसार शुल्क लगाइने र असूल उपर गरिनेछ ।

१४. पर्यटन प्रवेश शुल्कः

गाउँपालिकाले आफ्नो क्षेत्रभित्र निर्माण गरेका उद्यान, पार्क, चिडियाखाना, ऐतिहासिक तथा पुरातात्विक सम्पदा, संग्राहलय जस्ता सम्पदा उपयोग गरे वापत पर्यटकहरुवाट अनुसूची १३ मा उल्लिखित दरमा पर्यटन प्रवेश शुल्क लगाईने र असुल उपर गरिनेछ ।

१५. कर छुटः

यस ऐन बमोजिम कर तिर्ने दायित्व भएका व्यक्ति वा संस्थाहरुलाई कुनै पनि किसिमको कर छुट दिईने छैन ।

१६. कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधिः

यो ऐनमा भएको व्यवस्था अनुसार कर तथा शुल्क संकलन सम्बन्धि कार्यविधि गाउँपालिकाले तोके अनुसार हुनेछ ।

अनुसूची १ः (गाऊँपालिका लगाउने सम्पत्ती करका क्षेत्र र दरहरु उल्लेख गर्ने)
अनुसूची २ः गाऊँपालिकाले लगाउने भूमीकर (मालपोत)का क्षेत्र र दरहरु उल्लेख गर्ने
अनुसूची ३ः गाऊँपालिकाले लगाउने घर जग्गा वहाल करका क्षेत्र र दरहरु उल्लेख गर्ने
अनुसूची ४ः गाऊँपालिकाले लगाउने व्यवसाय करका क्षेत्र र दरहरु उल्लेख गर्ने
अनुसूची ५ः गाऊँपालिकाले लगाउने जडिबुटी, कवाडी र जीवजन्तु करका क्षेत्र र दरहरु उल्लेख गर्ने
अनुसूची ६ः गाऊँपालिकाले लगाउने सवारी साधन करका क्षेत्र र दरहरु उल्लेख गर्ने
अनुसूची ७ः गाऊँपालिकाले लगाउने विज्ञापन करका क्षेत्र र दरहरु उल्लेख गर्ने
अनुसूची ८ः गाऊँपालिकाले लगाउने मनोरञ्जन करका क्षेत्र र दरहरु उल्लेख गर्ने
अनुसूची ९ः गाऊँपालिकाले लगाउने बहाल बिटौरी शुल्कका क्षेत्र र दरहरु उल्लेख गर्ने
अनुसूची १०ः गाऊँपालिकाले लगाउने पार्किङ्ग शुल्कका क्षेत्र र दरहरु उल्लेख गर्ने
अनुसूची ११ः गाऊँपालिकाले लगाउने ट्रेकिङ्ग, कोयोकिड, क्यानोइङ्ग, बन्जी जम्पिङ्ग, जिपफ्लायर र ऱ्याफ्टीङ्ग शुल्कका क्षेत्र र दरहरु उल्लेख गर्ने
अनुसूची १२ः गाऊँपालिकाले लगाउने शुल्क तथा दस्तुरका क्षेत्र र दरहरु उल्लेख गर्ने
अनुसूची १३ः गाऊँपालिकाले लगाउने पर्यटन प्रवेश शुल्कका क्षेत्र र दरहरु उल्लेख गर्ने

राम प्रमोद यादव
गाउँपालिका अध्यक्ष

# नरहा गाउँपालिकाको विनियोजन ऐन २०८०

## नरहा गाउँपालिकाको आर्थिक बर्ष २०८०।०८१ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषाबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना :-**

नरहा गाउँपालिकाको आर्थिक बर्ष २०८०।०८१ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा-२२९ को उप-धारा (२) बमोजिम आ.व. २०८०।०८१ को नरहा गाउँपालिकाको गाउँ सभाले यो ऐन बनाएको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भ :-**

(१) यस ऐनको नाम "नरहा गाउँपालिकाको विनियोजन ऐन २०८०।०८१ रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक बर्ष २०८०।०८१ को निमित सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :-**

(१) आर्थिक बर्ष २०८०।०८१ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची -१ मा उल्लेखित चालु खर्च, पुँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मानिर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

३. **विनियोजन :-**

(१) यस ऐन द्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक बर्ष २०८०।०८१ को निमित्त नरहा गाउँपालिकाको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकम मध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचन हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पुँजिगत खर्च र वित्तीय व्यवस्था तर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न र वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्च तर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पुँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक श्रोतबाट अर्को श्रोतमा रकम सार्न सकिनेछ ।

(३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु नर्नेछ ।

प्रमोद यादव

आर्थिक ऐन अन्तरगत राजश्व दर रेट

अनुसूची-१२

दफा-२ अनुसार

| सि.न. | विवरण | वार्षिक कर/रेट रु. | कैफियत |
|---|---|---|---|
| १ | टाटिको बेरा भएको फुसको छानो भएको भुई तले घर प्रतिघर | १०.०० | |
| २ | टाटिको बेरा भएको फुसको छानो भएको दुई तले घर | २०.०० | |
| ३ | टाटिको बेरा भएको टिनको छानो भएको भुई तले घर | २०.०० | |
| ४ | टाटिको बेरा भएको टिनको छानो भएको दुई तले घर | ३०.०० | |
| ५ | ईटाको वालमा फुसको छानो भुई तले घर | ३५.०० | |
| ६ | ईटाको वालमा टिनको छानो भुई तले घर | ४०.०० | |
| ७ | ईटाको वालमा टिनको छानो दुई तले घर | ४०.०० | |
| ८ | एक तल्ले पक्की मुण्डा घर | ५०.०० | |
| ९ | दुई तल्ले पक्की मुण्डा घर | १००.०० | |
| १० | तीन तल्ले पक्की मुण्डा घर | २००.०० | |
| ११ | तीन तल्ला माथीको पक्की घरको प्रति तल्ला थप प्रतिघर | ५००.०० | |
| १२ | घर नक्सा पास मापन अनुसार (पर स्क्वाइर फिट रु.५ पहिलो तल्ला, देस्रो तल्ला रु ६ र तेस्रो रु ७ का दरले) | | |

अनुसूची-१२

दफा ५ अनुसार

| सि.न. | विवरण | करको दर रु. | कैफियत |
|---|---|---|---|
| १ | दैनिक उपभोगका खाध्य पदार्थ बेच्ने पसलमा निम्नअनुसारको कर लिने | | |
| क. | ५० हजार देखी ५ लाख सम्मको पसलमा | ३०० | प्रतिवर्ष |
| ख. | ५लाख देखी १०लाख सम्मको पसलमा | ५०० | प्रतिवर्ष |
| ग. | १०लाख भन्दा माथी जती भएपनि प्रतिपसल | १००० | प्रतिवर्ष |
| २ | लुगा सिउने कपाल काटने, तस्विर खिच्ने र प्रति पसल | ५०० | प्रतिवर्ष |
| ३ | लत्ता कपडा ,औषधी पसल , फलाम , सिमेन्ट, पित्तलबाट तयार हुने भाडाकुडा र रंग रौगन कलात्मक | | |
| ख. | ५लाख देखी १०लाख सम्मको पसलमा | ५०० | प्रतिवर्ष |
| ग. | १०लाख भन्दा माथी जती भएपनि प्रति पसल | १००० | प्रतिवर्ष |

राम प्रमोद यादव
गाउँपालिका अध्यक्ष

| | | | |
|---|---|---|---|
| ४ | मसलन्दको समान पेटरोल, मोविल,अइल,अइसक्रिम, चुता फर्निसिगको समान मेसिन, पार्ट, पूर्जा, तैयारि पोशाक अदि माल समान वेचने पसलमा निमन अनुसारको कर लिने | | |
| क. | ५० हजार देखी ५ लाख सम्मको पसलमा | ३०० | प्रतिवर्ष |
| ख. | ५लाख देखी १०लाख सम्मको पसलमा | ५०० | प्रतिवर्ष |
| ग. | १०लाख भन्दा माथी जती भएपनि प्रति पसल | १००० | प्रतिवर्ष |
| ५ | रेडियो ,घडी क्यामेरा ^टेलिभिजन ,फ्रिज, सवारी साधन वा विलासिताको समान वेच्ने पसलमा निम्नअनुसारको कर लिने । | | |
| क. | ५० हजार देखी ५ लाख सम्मको पसलमा | ३०० | प्रतिवर्ष |
| ख. | ५लाख देखी १०लाख सम्मको पसलमा | ५०० | प्रतिवर्ष |
| ग. | १०लाख भन्दा माथी जती भएपनि प्रति पसल | १००० | प्रतिवर्ष |
| ६ | स्थानिय ईजाजत प्राप्त भएको भट्टीबाट उद्पादित सवै प्रकारका महिरा बच्ने पसल वा भट्टीमा निम्नअनुसारको कर लिने | | |
| क. | सानो पसल | १००० | प्रतिवर्ष |
| ७ | सिमेन्ट टायल, सिमेन्ट ब्लक , ह्युम पाईप , पोल जस्ता सिमेन्ट बाट तयार हुने समानको प्रति पसल | १५०० | प्रतिवर्ष |
| ८ | स्वदेशि वा विदेशि डिस्टिलरी वा ब्रुअरिबाट उत्पादित वोतल बन्दी मदिरा पसल | १००० | प्रतिवर्ष |
| ९ | क.चिया मिठाई तथा भोजनालय पसल क वर्ग | १००० | प्रतिवर्ष |
| | ख.चिया मिठाई तथा भोजनालय पसल ख वर्ग | ५०० | प्रतिवर्ष |
| १० | नेपाल सरकारको स्वीकृती लिई स्थापना भएको मदिरा भट्टीमा | ३००० | प्रतिवर्ष |
| ११ | छापाखाना | १५०० | प्रतिवर्ष |
| १२ | ईटा झिंटी आदी उत्पादन गर्ने उधोगमा प्रति चिमनी | २५००० | |
| १३ | ठाडो भएको इट्टा भिन्टी उत्पदन विक्री मा | ५००० | |

राम प्रमोद यादव
...पालिका अध्यक्ष

| | | | |
|---|---|---|---|
| १४ | ज्यासल खोली व्यापार गर्ने पसल | १००० | |
| १५ | होटल गेस्टल हाउसमा | १००० | |
| १६ | किवराज चिकित्सक दण्त चिकित्सक इन्जिनियर कानुन व्यावसायी लेखापरीक्षक व्यावसायिक व्यावसाला ज्योतिस शिक्षण सस्था टाइप कम्प्युटर मनी चेन्जर फनिचर पशु चिकित्सक पेन्टरमा | १००० | |
| १७ | बौकिङ र वितिय सस्थामा निम्न अनुसारको कर लिने | | |
| क. | एक करोड भन्दा मुनीको पुँजिमा | १००० | |
| ख. | एक करोड भन्दा माथिको पुँजिमा | ५००० | |
| १८ | व्यावसायिक तालिम केन्द्रमा | १००० | |
| १९ | दुध व्यावसायिक चिज उधोगमा | ५०० | |
| २० | घरेलु तथा साना उधोगमा | १००० | |
| २१ | मझौला उधोगमा | ५००० | |
| २२ | ठूलो उधोगमा | २५००० | |
| २३ | गाउँपालिका प्रधान कार्यालय भएको निर्माण व्यावसायी लाइ | ५००० | |
| २४ | व्यवसायीक संचार फोन फैक्स सेवा फोटो प्रिन्ट | ५००० | |
| २५ | मिलको प्रति अश्व शक्ती वापत | २५ | |
| २६ | माथिको प्रकरणमा नपरेका अन्य | २५ देखि २५० सम्म तजविजमा | |

अनुसूची-१२

दफा ७ अनुसार

| | | | |
|---|---|---|---|
| १ | बस ट्रक लहरी र अन्य ज्यामी गाडीको | ५०० | |
| २ | भाडाको कार जिपमा | ५०० | |
| ३ | भाडाको टेम्पु | २०० | |
| ४ | भाडाको मिनी वस | ५०० | |
| ५ | निजीकार टयाक्टर टयाम्पु र मिनी वसमा | २०० | |

राम प्रमोद यादव

| | | | |
|---|---|---|---|
| ६ | विदेशमा दर्ता भएका देहायका सवारी साधन गाउँपालिकामा प्रवेश गर्दा निम्न अनुसारका सवारी मा निम्न बमोजिमको दैनिक कर लिने | | |
| क. | मोटर साइकल स्कुटर दैनिक | २० | |
| ख. | मोटर कार जिप भ्यान | ५० | |
| ग. | ट्रक लहरी वस कन्टेनर डोजर रोलर आदि जस्ता ज्यामी सवारी साधन | १०० | |
| ७ | निजी तथा भाडाको वस ट्रक र ट्रयाक्टर प्रति पटक | १५ | |
| ८ | निजी तथा भाडाका टेम्पुमा | ५ | |
| ९ | अन्य सवारी साधनमा | ५ | |

## अनुसूचि ७

### दफा ८ अनुसार

| | | | |
|---|---|---|---|
| १ | गाउँपालिका क्षेत्र भित्र विक्षापनको लागि राखेको होडिग वोर्ड प्रति स्कायर फिट | १५ | |
| २ | भिते लेखन प्रति विक्षापन प्रति स्कायर फिट | ७ | |

## अनुसूचि ८

### दफा ९ अनुसार

| | | | |
|---|---|---|---|
| १ | सिनेमा हल भिडियो हल सास्कृतिक प्रर्दशन स्थल थिएटर सगित तथा मनोरन्जन प्रदर्शन स्थलको प्रवेश शुल्कमा उठेको रकमको | ३ प्रतिशतले | |
| २ | जादु सरकस चटक आदीमा प्रति दिन | २५० | |

## अनुसूचि ९

### दफा १० अनुसार

| सि न | विवरण | न्युनतम मासिक | अधिकतम मासिक |
|---|---|---|---|
| १ | तत्कालिन गा वि स आफैले निर्माण गरेको वा निर्माण हुने पकी सटरको कोठाहरुको मासिक | १५०० | डाक बढाबढबाट |
| २ | कच्ची सटर कोठाहरु तत्कालीन गा.वि.स.आफैले निर्माण गरेको वा निर्माण हुनेमा मासिक | ५०० | डाक बढाबढबाट |
| ३ | एलानी पर्ती जग्गा जोत आवाद गरि भोग चलन गरेको जग्गामा एक कठा सम्म | | ठेक्का लगाउने |

## अनुसूची-१२

### दफा -१३ अनुसार

| सि.न. | विवरण | करको दर | कैफियत |
|---|---|---|---|

राम प्रमोद यादव

| | | | |
|---|---|---|---|
| १ | सरसफाई शुल्क | १५ | |
| २ | पर्यटकिय वनभोज क्षेत्रको प्रवेश शुल्क स्वदेशीलाई | ५० | |
| ३ | पर्यटकिय वनभोज क्षेत्रको प्रवेश शुल्क विदेशीलाई | १०० | |
| ४ | पार्कको उदघाटन प्रवेश शुल्क स्वदेशीलाई | ५० | |
| ५ | पार्कको उदघाटन प्रवेश शुल्क विदेशीलाई | १०० | |
| ६ | कसैको रकम कलम उठाई दिएकोमा उठेको रकमको ५ प्रतिशत | | |

अनुसूची - १३

दफा -१४ अनुसार

| सि.न. | विवरण | करको दर | कैफियत |
|---|---|---|---|
| १ | टिकट वापत | १० | |
| २ | नागरिक्ता प्रमाणपत्र सिफारिस /प्रतिलिपी सिफारिस | ५० | |
| ३ | नाता प्रमाणित दस्तुर | ५० | |
| ४ | सरजमिन दस्तुर | २०० | |
| ५ | जाग्गा नामसारी दस्तुर | १०० | |
| ६ | मोही नामसारी दस्तुर | १०० | |
| ७ | मोही छोडपत्र नियुन्तम ५ कठ्ठा सम्म | १०० | |
| ८ | मोही छोडपत्र अधिकत्म प्रतिकठ्ठा | २० | |
| ९ | मोही लगत कट्टा अन्य ५ कठ्ठा सम्म | २०० | |
| १० | मोही लगत कट्टा अन्य ५ कठ्ठा माथी प्रतिकठ्ठा | २० | |
| ११ | फोटोटाँस सिफारिस | ५० | |
| १२.क | घरबाटो सिफारिस ग्राईभेल बाटोले छोएको | १०० | |
| ख. | पिच बाटोले छोएको ५ कठ्ठा सम्म | २०० | |
| ग. | बाटो नछोएको जग्गामा ५ कठ्ठा सम्म | ५० | |
| घ | ५ कठ्ठा भन्दा माथी प्रतिकठ्ठा | १० | |
| १३ | अचल सम्पती मुल्याङ्कण १० लाख सम्मको | ०.०३% | |
| १४ | अचल सम्पती मुल्याङ्कण १० लाख माथी | ०.०५% | |
| १५ | काठ चिरानी सीफारिस रिक्सा ठेलागाडाबाट | २५ | |
| १६ | काठ चिरानी सीफारिस बैलगाडाबाट | ५० | |
| १७ | काठ चिरानी सीफारिस ट्रायकटरबाट | १५० | |
| १८ | काठ चिरानी सीफारिस ट्रकबाट | २५० | |
| १९ | विद्युत सिफारिस घरको लागि | ५० | |

प्रमोद यादव

| | | | |
|---|---|---|---|
| २० | विद्युत सिफारिस कृषीको लागि | ५० | |
| २१ | विद्युत सिफारिस उद्योगको लागि | १०० | |
| २२ | अन्य नखुलेको सिफारिस दस्तुर | ५० | |
| २३ | प्रतिलिपि प्रमाणित दस्तुर | २५ | |
| २४ | व्यक्तिगत घटना प्रमाणित प्रतिलिपी | ५० | |
| २५ | यस गाउँपालिकाबाट अमिन मापनको लागि खटीए वापत प्रति मापन | २५०० | |
| २६ | घर बहाल कर (दश प्रतिशत) | १०% | |
| २७ | सुचिकृत दर्ता दस्तुर | १००० | |
| २८ | सहकारी संस्था दर्ता र नविकरण गराउँदा संस्थाको वर्गीकर्ण अनुसार दस्तुर तिर्नु पर्ने हुन्छ | | |
| क. | उत्पादक संस्था | २००० | |
| ख. | उप्भोक्ता संस्था | २५०० | |
| ग. | श्रमिक संस्था | २००० | |
| घ. | बहुउदेशीय संस्था | ३००० | |
| २९ | इजाजत पत्र नविकरण | ३००० | |
| ३० | सस्था नविकरण | १००० | |

## अनुशची -२

## दफा-३ अनुसार

| सि.न. | क्षेत्रफल | दर प्रति कठ्ठा रु. | | | |
|---|---|---|---|---|---|
| | | अव्वल | द्वयम | सिम | चाहार |
| १ | १ कठ्ठा देखी १ विगाहा सम्म | ३.०० | २.०० | २.०० | १.०० |
| २ | १ विगाहा देखी १.५ विगाहा सम्म | ४.०० | ३.०० | २.०० | १.०० |
| ३ | १.५ विगाहा देखी ३ विगाहा सम्म | ५.०० | ४.०० | ३.०० | २.०० |
| ४ | ३ विगाहा भन्दा माथि जति भएपनि | ७.०० | ५.०० | ४.०० | ३.०० |
| ५ | उद्योग तथा संस्थाको नाममा रहेको जग्गाको | २५.०० | २०.०० | १५.०० | १०.०० |
| ६ | न्यूनतम मालपोत | रु.५.०० | | | |
| ७ | जरिवाना एक वर्षको भए १० प्रतिशत त्यसपछि प्रत्येक वर्षको थप ५ प्रतिशतले जोडिने | | | | |

राम प्रमोद यादव
गाउँपालिका